DAILY NEWSLETTER

As of FEB 16, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

NEPSE रातो क्यान्डलमा बन्द, २६८० मा पुनः प्रतिरोध

Nepal Stock Exchange (नेप्से) परिसूचक आज ११ अंकले घट्दै २६६० विन्दुमा बन्द भएको छ। बजार दिनभर उतार–चढावपूर्ण रहे पनि अन्त्यतिर बिक्री दबाब बढ्दा सूचक तल झरेको देखिन्छ। आज कुल ७ अर्ब रुपैयाँभन्दा बढीको कारोबार भएको छ भने १ करोडभन्दा बढी कित्ता शेयर खरिद–बिक्री भएको छ, जसले बजारमा लगानीकर्ताको सक्रियता भने कायम रहेको संकेत गर्छ। आज बजारमा अधिकांश समय सूचक बढ्ने प्रयासमा देखिए पनि २६८० विन्दु आसपास पुगेपछि निरन्तर बिक्री दबाब सिर्जना भएको थियो। उक्त स्तरलाई पार गर्न नसक्दा बजारमा कमजोरी देखिएको हो। कारोबार रकम मध्यम स्तरको रहे पनि सूचक घट्नुले बजारमा खरिदभन्दा बिक्री पक्ष केही हाबी भएको देखिन्छ।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Below छ ।
MACD	नेप्सेमा हाल MACD मा Buying (Weak) देखिएको छ ।
RSI	RSI 46 पुगेको देखिन्छ ।

Support	2650-2630
Resistance	2730-2700

Reliance Spinning Mills र Salpa Bikas Bank ले सूचीकृत भएलगत्तै सकारात्मक सर्किट हानेर बलियो माग देखाएका छन्।त्यसैगरी, हालै १००% हकप्रद शेयरको मूल्य समायोजन भएको Buddha Bhumi Nepal Hydropower पनि अप्पर सर्किटमा कारोबार भएको छ, जसले कम्पनीप्रति लगानीकर्ताको सकारात्मक धारणा झल्काउँछ। बजारले पुनः २६८० विन्दुमा बलियो प्रतिरोध सामना गरेको छ।उक्त स्तरबाट बारम्बार अस्वीकृति (rejection) देखिनुले छोटो अवधिमा बजारको गति कमजोर रहेको संकेत गर्छ।इन्ट्राडे चार्टमा बजारले माथिल्लो स्तर टिकाउन नसक्दा तल्लो स्तरमा बन्द भएको छ, जसले निकट अवधिमा करेक्सन वा साइडवेज ट्रेन्डको सम्भावना देखाउँछ।समग्रमा बजारमा सावधानीपूर्ण मनोभाव देखिएको छ। कारोबार रकम उल्लेख्य रहे पनि प्रमुख प्रतिरोध क्षेत्र नजिक निरन्तर बिक्री दबाब देखिएकाले लगानीकर्ताहरू प्रतीक्षाको अवस्थामा रहेको बुझिन्छ। आगामी कारोबार दिनहरूमा २६६०–२६८० क्षेत्र बजारको लागि महत्वपूर्ण दायरा रहने देखिन्छ।

9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment